# घोराही उप-महानगरपालिका

## नगरसभाको १३औं अधिवेशन

# आर्थिक वर्ष २०८०/८१को

# बजेट वक्तव्य

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल
२०८०

## घोराही उपमहानगरपालिकाको नगरसभाको १३ औं अधिवेशन समक्ष नगर उपप्रमुख श्री हुमा कुमारी डि.सी. ज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य

**नगरसभाका अध्यक्ष महोदय,**

१. सङ्घीयताको अभ्याससंगै स्थानीय तहको दोश्रो कार्यकालको निर्वाचित स्थानीय सरकारको रुपमा एक वर्षको कार्यकाल पुरा गरिसकेका छौं। स्थानीय सरकारको दोश्रो कार्यकालको घोराही उपमहानगरपालिकाको उपप्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८०/८१को बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु।

२. यस अवसरमा समाजको आमुल परिवर्तन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना सम्मको विभिन्न कालखण्डका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमुल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। ती आन्दोलनहरुको अग्रपंक्तिमा रहेर नेतृत्व गर्नु हुने अग्रजहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु। मुलुकको शासकीय संरचनालाई सङ्घीय शासन प्रणाली सहितको लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाइते योद्धाहरु तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु।

३. नगर स्थापनादेखि नगर निर्माणको विभिन्न चरणमा नेतृत्व गर्नुहुने अग्रज ब्यक्तित्वहरुले नगर निर्माणमा पुर्याउनु भएको योगदानको स्मरण गर्दै उहाँहरु प्रति समेत उच्च सम्मान ब्यक्त गर्दछु।

**नगरसभाका अध्यक्ष महोदय,**

४. स्थानीय सरकारको रुपमा निर्वाचित जनप्रतिनिधिहरुले पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकालको पनि दोस्रो वर्षमा प्रवेश गरिसकेका छौं। सीमित स्रोत र साधनका बीचमा पनि यस अवधीमा पूर्वाधार विकास,आर्थिक सामाजिक विकास सुशासनका क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेका छौं। नगरभित्रका मुख्य सडकहरुको दिगोपना, ग्रामीण तथा कृषि सडकहरुको स्तरोन्नती, खानेपानी, सिंचाई,पुल -कल्भर्ट जस्ता पूर्वाधारहरुको नियमित निर्माण एवं मर्मतबाट दुर दराजका ग्रामीण बस्तीहरु केन्द्रसँग जोडिन गई आर्थिक क्रियाकलापहरुमा बढोत्तरी भएको छ।

५. सिंचाई सुबिधामा विस्तार ,कृषकहरुलाई मुल बिउ, उन्नत बिउ एवं कृषि यान्त्रिकरणमा अनुदान, पशु व्यवसायमा नश्ल सुधार एवं अनुदान लगायतका कृषक अभिप्रेरित कार्यक्रमले कृषि पेशालाई आकर्षित एवं सम्मानित पेशाका रुपमा स्थापित गर्न मद्दत पुगेको छ।

६. पूर्ण सरसफाई अभियान, खरको छानो मुक्त अभियान, महिला, बालबालिका, जेष्ठ नागरिकका लागि लक्षित कार्यक्रम, बञ्चितिमा परेका वर्ग, क्षेत्र, समूहहरुको उत्थानका कार्यक्रमहरु, स्थानीय स्तरमै न्यायिक निरुपण लगायतका कार्यक्रम एवं नीतिगत व्यवस्थाले पनि स्थानीय तह प्रति नागरिकको बिश्वास र भरोसा बढेको अनुभूति गरेको छु।

७. बालमैत्री कार्यक्रमको निरन्तरता, नमुना विद्यालयको घोषणा, दरबन्दी मिलान अनुरुप शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण एवं मर्मत, आधारभूत स्वास्थ्य सेवाको प्रवाह, रोजगारीको सिर्जना, न्यायिक समिति मार्फत विवाद निरुपण, स्थानीय कला संस्कृतिको संरक्षण, नियमित बजार अनुगमन, सीप विकास तालिम एवं उद्यम प्रवर्द्धन, सहकारी संस्थाको क्षमता अभिवृद्धि एवं प्रवर्द्धन, गरिबि निवारणका लागि विभिन्न लक्षित कार्यक्रम, कल्याणकारी राज्यको अवधारणा अनुरुप सामजिक सुरक्षाका कार्यक्रमहरुको सफल कार्यान्वयन एवं सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम प्रयोगबाट विद्युतीय सुशासन मार्फत "**जनतासँग स्थानीय सरकार**"को अनुभूति गराउन प्रयासरत छौं।

**नगरसभाका अध्यक्ष महोदय**

अब म चालु आर्थिक वर्ष २०७९।८० को ११(एघार) महिनाको बजेट कार्यान्वयनको अवस्था संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगत चालु तर्फ बिनियोजित बजेट ६८ करोड ५१ लाख ४४ हजार मध्ये ७२.३ प्रतिशत खर्च भएको छ भने पूँजिगत तर्फ बिनियोजित बजेट १० करोड ६४ लाख ५० हजार मध्ये ३४.१७ प्रतिशत खर्च भएको छ।संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको औसत खर्च ६७.१७ प्रतिशत रहेको छ।

९. प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगत चालु तर्फ बिनियोजित बजेट ८८ लाख मध्ये ४५.१८ प्रतिशत र पूँजिगत तर्फ बिनियोजित बजेट ६ करोड ६ लाख मध्ये ५३.४७ प्रतिशत खर्च भएको छ।प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमको औसत खर्च ५२.४२ प्रतिशत रहेको छ।

१०. आन्तरिक बजेटबाट चालु तर्फ बिनियोजित बजेट रु. ६१ करोड २५ लाख ६४ हजार ५ सय मध्ये ६५.५४ प्रतिशत खर्च भएको छ भने पूँजिगत तर्फ बिनियोजित बजेट ९२ करोड २३ लाख २६ हजार ५ सय मध्ये ४५.६९ प्रतिशत खर्च भएको छ। आन्तरिक बजेट तर्फको औसत खर्च ५३.६१ प्रतिशत रहेको छ।

११. संघ, प्रदेश र यस उपमहानगरपालिकाको आन्तरिक बजेट समेत कुल बजेटबाट चालु तर्फ बिनियोजित बजेट मध्ये ६८.९५ प्रतिशत खर्च भएको छ भने पूँजिगत तर्फ ४४.९९ प्रतिशत खर्च भएको छ। कुल बजेटको औसत खर्च ५८.०५ प्रतिशत रहेको छ।

१२. क्षेत्रगत रुपमा हेर्दा आन्तरिक श्रोतको आर्थिक विकास अन्तरगत कृषि विकास तर्फ ३१.४१ प्रतिशत,पशु सेवा तर्फ ५०.७८ प्रतिशत, पर्यटन तथा संस्कृती प्रवर्द्धन तर्फ ६०.८१ प्रतिशत, उपभोक्ता हित संरक्षण तर्फ ३७.५६ प्रतिशत, सहकारी तथा रोजगार प्रवर्द्धन तर्फ २०.१४ प्रतिशत खर्च रहेको छ। समग्रमा आर्थिक विकास तर्फ चालु आ.व.को ११ महिनामा कुल बिनियोजित बजेटको ६३.७४ प्रतिशत खर्च भएको छ।

१३. सामाजिक विकास अन्तरगत शिक्षा, युवा तथा खेलकुद तर्फ ५३.१६ प्रतिशत, जनस्वास्थ्य प्रवर्द्धन तर्फ ३८.०९ प्रतिशत, महिला,बालबालिका तथा जेष्ठ नागरिक तर्फ ६१.७९ प्रतिशत खर्च भएको छ। समग्रमा सामाजिक विकास तर्फ चालु आ.व.को ११ महिनामा कुल बिनियोजित बजेटको ५०.८८ प्रतिशत खर्च भएको छ।

१४. पूर्वाधार विकास अन्तरगत सहरी, विकास तथा पूर्वाधार तर्फ चालु आ.व.को ११ महिनामा कुल बिनियोजित बजेटको ४५.९१ प्रतिशत खर्च भएको छ।

१५. सरसफाई, वन, वातावरण तथा विपद् व्यवस्थापन अन्तरगत सरसफाई व्यवस्थापन तर्फ २९.२० प्रतिशत र वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४४.६६ प्रतिशत खर्च भएको छ।

१६. सार्वजनिक सेवा, सुशासन तथा संस्थागत विकास अन्तरगत ४४.५४ प्रतिशत खर्च भएको छ।

१७. राजश्व संकलनको आन्तरिक तर्फ मात्र चालु आर्थिक वर्षको ११(एघार) महिनामा रु. १७ करोड ८२ लाख ६८ हजार संकलन भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधीमा रु. १६ करोड ६३ लाख ७७ हजार संकलन भएको थियो।

१८. संघीय सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानिकरण अनुदानमा कटौति तथा राजस्व बाँडफाटबाट प्राप्त हुनु पर्ने रकम समेत घट्न जाँदा बजेट विनियोजन भएका कार्यक्रम तथा आयोजना कार्यान्वयनका रोक लगाउनु पर्ने अवस्था समेत आएको छ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८०।८१को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्षको वार्षिक योजना, बजेट तथा बजेट तर्जुमाका आधारहरु र वार्षिक बजेटका उद्देश्य तथा प्राथमिकताहरु गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९. बजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, घोराही उपमहानगरपालिकाको एकिकृत शहरी विकास योजना, अन्त सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन २०७४, नेपाल सरकारको १५औं योजनाको मार्गदर्शन, स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, संघ र प्रदेश सरकारबाट जारी भएका नीति, कानून तथा मापदण्डहरु, संघ र प्रदेश सरकारबाट तर्जुमा भएका बजेट, कार्यक्रम तथा प्राथमिकताहरु, संघ र प्रदेश सरकारबाट अबलम्बन गरिएका आर्थिक तथा सामाजिक नीतिहरु, नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरुलाई मुख्य आधारका रुपमा लिएको छु। नगरवासी आमाबुबा, दिदीबहिनी, दाजुभाई, जनप्रतिनिधि,नागरिक समाज, निजी व्यवसायिक संघ संस्था, बुद्धिजीवी, पेशाविद, संचारजगत लगायत सबैबाट प्राप्त सुझावहरुलाई उच्च महत्व दिएको छु।

२०. सामुदायिक विद्यालयहरुको प्रारम्भिक बाल कक्षाको सुधार तथा शैक्षिक भौतिक संरचनाको निर्माण र स्वयंसेवक शिक्षक मार्फत शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, कृषिमा व्यवसायिकरणको लागि सिंचाई सुविधा विस्तार गर्न अधुरा डिपबोरिङ संचालन गर्ने, स्वास्थ्य संस्थाहरुको पुर्वाधार तथा क्षमता सुदृढीकरण गरी आधारभूत स्वास्थ्य सेवाको विस्तार गर्ने, बेरोजगार युवायुवतीलाई उद्यमशिलता,सिप मुलक तालिम मार्फत रोजगार/स्वरोगार बनाउने, एकिकृत शहरी विकासको ढाँचा अनुरुप सबै क्षेत्रको दिगो एवं सन्तुलित विकास गर्ने, वडाका मुख्य सडकहरुको कालोपत्रे गर्ने, आर्थिक तथा सामाजिक विकासका माध्यमबाट

जीवनस्तरमा सुधार गर्ने, सबै प्रकारका सामाजिक, आर्थिक विभेदको अन्त्य गर्दै विकास, समृद्धि र सामाजिक न्यायको यात्रालाई थप गतिशिल बनाउने, सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन, सार्वजनिक सेवाको प्रभावकारिता र जवाफदेहिता बृद्धि गर्ने, विकासमा जनसहभागिता मार्फत सुशासन प्रवर्द्धन गर्ने,गरिबी न्यूनिकरणमा टेवा पुर्याउने, स्थानीय सहभागिता जुट्ने, स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, वातावरण संरक्षण, सबै क्षेत्रको दिगो एवं सन्तुलित विकासमा टेवा पुर्याउने, महिला बालबालिका, पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अभिवृद्धि गर्ने, स्थानीय भाषा, साहित्य, कला, संस्कृतीको जगेर्ना गर्ने, सामाजिक सदभाव एवं एकता अभिवृद्धिमा सघाउ पुर्याउने,उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने र घोराही उपमहानगरको आफ्नै मौलिक आवश्यकता बमोजिमका आयोजनाहरुलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरेको छु।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २० ८०/८१को लागि क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु। क्षेत्रगत बजेट निम्नानुसार बिनियोजन गरिएको छ।

**सामजिक विकास अन्तरगत**

२१. विद्यालयमा कार्यरत मा.वि., नि.मा.वि., बालविकास अनुदान, बालविकास सहायक कर्मचारी, विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी, सामुदायिक अध्ययन केन्द्रका परिचालिका, गृहिणी शिक्षक तथा आयाको मनोबल वृद्धी गरी पठनपाठनमा सुधार ल्याउन सङ्घीय सरकारबाट प्राप्त तलब रकममा थप रकम रु. ३ करोड ९८ लाख ४३ हजार बिनियोजन गरेको छु। साथै विद्यालय सहायक कर्मचारीहरुलाई कार्यसम्पादनमा प्रोत्साहित गर्न खाईपाई आएको सुविधामा मासिक रु. २००० थप गरेको छु।

२२. **"गुणस्तरीय शिक्षाको आधार प्रारम्भिक बालकक्षाको सुधार "**नाराका साथ प्रारम्भिक बाल विकास कक्षा सुधार तथा नमुना विद्यलयहरुका साथै अन्य विद्यालयको भौतिक संरचना निर्माण गरी शैक्षिक गुणस्तर सुधारको लागि रु. ६ करोड ४९ लाख बिनियोजन गरेको छु। सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सहज पहुँच अभिवृद्धि गर्न विद्यालयहरु संगको सहकार्यमा विद्यालय बस संचालन गर्न रु. ७५ लाख बिनियोजन गरेको छु।

२३. सामुदायिक विद्यलयहरुमा शिक्षक दरबन्दीको अभावलाई परीपुर्ती गरी शैक्षिक गुणस्तरका लगि  स्वयंसेवक शिक्षक परिचालन गर्न रु. १ करोड बिनियोजन गरेको छु।

२४. स्थानीय पहिचानको लागि यसै शैक्षिक सत्रबाट सुरु भएको स्थानीय पाठ्यक्रम तथा थारु भाषाको पाठ्यपुस्तक छपाईको लागि रु. ३२ लाख बिनियोजन गरेको छु।

२५. नगर खेलकुद विकास समिति मार्फत नगरपालिकाबाट संचालन हुने विभिन्न खेलकुद कार्यक्रमहरुलाई एकिकृत रुपमा संचालन र प्रवर्द्धन गर्न खेलकुद विकास कार्यक्रमका लागि रु ४३ लाख बिनियोजन गरेको छु।

२६. डाक्टर-ईन्जिनियर छात्रवृत्तीको लागि रु. १६ लाख, युवा लक्षित कार्यक्रम सहित शिक्षा सम्बद्ध अन्य कार्यक्रम समेत गरी शिक्षा, युवा तथा खेलकुदमा आन्तरिक तर्फ रु. १४ करोड १० लाख ४८ हजार, संघ सरकारबाट प्राप्त अनुदान तर्फ रू ५५ करोड ३ लाख र प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. ८० लाख गरी जम्मा रु. ६९ करोड ९३ लाख ४८ हजार बिनियोजन गरेको छु।

२७. नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँचलाई सुनिश्चित गर्न भौतिक पुर्वाधार तर्फ वडा नं. १२ र १६ मा स्वास्थ्य संस्था भवन आगामी आर्थिक वर्षमा नै सम्पन्न गर्ने गरी रु. १ करोड ३ लाख बिनियोजन गरेको छु। तनाव मुक्त जीवन र स्वस्थ जीवन शैलीलाई प्रवर्द्धन गर्न वडा नं. १० नारायणपुरमा योगहल निर्माणको लागि रु. १ करोड १ लाख ७० हजार बिनियोजन गरेको छु।

२८. रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नै सिकलसेल एनेमियाको नियमित जाँच पड्ताल गर्न मेसिन खरिदको लागि रु. २५ लाख बिनियोजन गरेको छु। उज्यालो आँखा कार्यक्रम अन्तरगत रासी    आँखा अस्पताल ,  रक्षाचौरसंगको सहकार्यमा निःशुल्क मोतियाबिन्दु शल्यक्रियाको लागि रु. २० लाख, नगरवासीहरुलाई रक्तदान जीवनदानको भावना अनुरुप नगर प्रमुख रक्तसंचार कार्यक्रम तर्फ नेपाल रेडक्रस सोसाईटीको सहकार्यमा निःशुल्क रगत उपलब्ध गराउनको लागि रु. ६ लाख तथा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य जाँचका लागि रु. १५ लाख बिनियोजन गरेको छु।

२९. उपप्रमुख प्रजनन् रुग्णता कार्यक्रम  अन्तरगत पाठेघर बचाउ अभियान मार्फत   पाठेघरको भि.आई.ए. स्क्रिनिङ्ग गरी पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच गर्नका लागि रु. ६ लाख, तीन वर्ष भित्र लागु औषध दुर्व्यसन मुक्त नगर घोषणा गर्ने अभियानका साथ कार्यक्रम संचालनका लागि रु. ८ लाख आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रवर्द्धनका लागि

रु. १३ लाख सहित स्वास्थ्यसंग सम्बन्धित कार्यक्रमका लागि जनस्वास्थ्य प्रवर्द्धनका लागि आन्तरिक तर्फ रू. ७ करोड ५० लाख ७० हजार , संघ सरकारबाट प्राप्त अनुदान तर्फरु. ६ करोड ६ लाख, प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. १ करोड ६४ लाख समेत जम्मा रु. १५ करोड २० लाख ७० हजार बिनियोजन गरेको छु।

३०. लैङ्गिक हिंसा मुक्त नगर घोषणा कार्यक्रम, लैङ्गिक समानता तथा सामजिक समावेशिकरण, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, दलित, मुस्लिम, मधेशी, मुक्त कमलरी, पिछडा वर्ग, लोपोन्मुख जाती, द्वन्द्व पिडित लगायत सबै क्षेत्र, वर्ग, समुदाय, समूहको उत्थान एवं समाजमा विद्यमान कुरिती, विसंगती बिरुद्ध सचेतना कार्यक्रम, बालमैत्री कार्यक्रम तथा संस्थागत अनुदान समेत महिला, बालाबलिका तथा समाज कल्याणका लागि आन्तरिक तर्फ रु. ९४ लाख ४२ हजार र प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. ३ लाख समेत गरी जम्मा रु. ९७ लाख ४२ हजार बिनियोजन गरेको छु।

३१. शिक्षा, युवा तथा खेलकुद, जनस्वास्थ्य प्रवर्द्धन, महिला, बालबालिका तथा समाज कल्याण, सामाजिक सुरक्षा , सामाजिक विकास तर्फ जम्मा रू.९४ करोड १३ लाख ९५ हजार बिनियोजन गरेको छु।

**आर्थिक विकास अन्तरगत**

३२. कृषियोग्य भूमिमा सिंचाई सुविधा विस्तार कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न अधुरा डिपबोरिङ संचालन तथा थप डिपबोरिङ निर्माणको लागि रु. १ करोड ५३ लाख बिनियोजन गरेको छु। यसै गरी साना सिंचाई कार्यक्रमका लागि रु. १० लाख सहित अन्य कृषि विकास कार्यका लागि आन्तरिक तर्फ जम्मा रू. २ करोड १२ लाख, संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ४८ लाख र प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. ११ लाख ५० हजार गरी जम्मा रु. २ करोड ७१ लाख ५० हजार बिनियोजन गरेको छु।

३३. पशु सेवा तर्फ महामारी रोग नियन्त्रण, पशु बधशालाको संरचना निर्माण अनुदान कार्यक्रम समेत गरी आन्तरिक तर्फ रु. ६२ लाख र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. १६ लाख गरी जम्मा रु. ७८ लाख बिनियोजन गरेको छु।

३४. पर्यटन तथा संस्कृती प्रवर्द्धन तर्फ होमस्टे प्रवर्द्धन, पिकनिक स्पोट निर्माण, थारु संग्रहालय प्रवर्द्धन, सबै समुदायका स्थानीय भाषा, कला, साहित्य, हस्तकला सम्बन्धी कार्यक्रम प्रवर्द्धनका साथै विभिन्न सांस्कृतिक एवं अन्य कार्यक्रमको लागि आन्तरिक तर्फ रु. २४ लाख बिनियोजन गरेको छु।

३५. उद्यमशिलता विकास, रोजगारी प्रवर्द्धन, घरेलु उद्योग प्रोत्साहन लगायत आय बृद्धि कार्यक्रम, स्थानीय उत्पादनको लेबलिङ, ब्रान्डिङ तथा उद्यम व्यवसाय प्रवर्द्धनका लागि आन्तरिक तर्फ रु. १९ लाख र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. १२ लाख गरी जम्मा रु. ३१ लाख बिनियोजन गरेको छु।

३६. स्थानीय सीप स्रोत साधनको प्रयोग गरी न्यूनतम रोजगारी सृजना गर्न, युवा रोजगारीको लागि पहल परियोजना अन्तरगत रु. ५० लाख, सहकारी प्रवर्द्धन तर्फ रु. १० लाख , प्रधानमंत्री रोजगार कार्यक्रम तर्फ रु. ३४ लाख बिनियोजन गरेको छु।

३७. उपभोक्ता हित संरक्षण तर्फ रु. १६ लाख ९० हजार बिनियोजन गरेको छु।

३८. बैदेशिक रोजगारीलाई सुरक्षित एंव मर्यादित बनाई सुरक्षित बैदेशिक रोजगार नगर घोषणा गर्न सामी परियोजना समेत गरी रु. ७८ लाख बिनियोजन गरेको छु।

३९. आर्थिक विकास अन्तरगत कृषि विकास, पशु सेवा, पर्यटन तथा संस्कृती प्रवर्द्धन, सीप विकास तथा उद्यम प्रवर्द्धन, सहकारी तथा रोजगार प्रवर्द्धन, उपभोक्ता हित संरक्षण, प्रधानमन्त्री रोजगार कार्यक्रम, सुरक्षित आप्रवासन गरी जम्मा रु. ५ करोड ९२ लाख ५० हजार बिनियोजन गरेको छु।

**<u>पूर्वाधार विकास अन्तरगत</u>**

४०. नागरिकहरुको सहज सडक पहुँच अभिवृद्धी गर्न वडा देखि केन्द्र जोड्ने तथा मुख्य मुख्य सडकहरु तथा वडा कार्यालय भवनको लागि आवश्यक बजेट बिनियोजन गरेको छु। जस अन्तरगत

- वडा नं. १ को अदुवाबारी हुँदै भोटेदहसम्म सडक स्तरोन्नती र बुका चरिङ्गे सडक स्तरोन्नती,
- वडा नं. २ को रामपुर पलासे चोकदेखि बालापुरसम्म बाटो र रामपुर बजारदेखि निमुरियासम्म २ कि.मी. बाटो स्तरोन्नति,
- वडा नं. ३ को झिङ्नी चोक देखि नवनिर्मित वडा कार्यालयसम्म सडक स्तरोन्नति ,
- वडा नं. ४ को घोराही भैसाही देखि रामपुर जाने बाटोको अमारे सोतामा कल्भर्ट निर्माण र मावि गोग्ली देखि लक्ष्मीपुर मन्दिरसम्म सडक स्तरोन्नति ,
- वडा नं. ५ को खैरा गनार देखि कप्तानचोक सडक स्तरोन्नती र धोलडाँडादेखि गोठलीगाउँ जाने बाटो स्तरोन्नति,

- वडा नं. ६ को वडा कार्यालयदेखि फचकपुर- पक्वै- बेरगैं- बचाहा- बेरुवागाउँ हुँदै बबईसम्म सडक स्तरोन्नति,
- वडा नं. ७ को पर्सादिखि राजपुर ठुलो थारुगाउँ हुँदै बबईसम्म सडक स्तरोन्नति,
- वडा नं. ८ को नारायणपुर बुधौरा बाँधदेखि बुधौरासम्म स्तरोन्नति,
- वडा नं. ९ को पोखरा हुँदै वडा कार्यालयसम्म सडक स्तरोन्नति ,
- वडा नं. १० दक्षिण अम्राई चोकदेखि पहेलपार लम्डरुवा हुँदै वडा नं. १२ कृष्णपुर जोडने सडक स्तरोन्नती ,
- वडा नं. ११ खैरा देखि थारुगाँउ हुँदै पर्सेनी सम्म र नयाँवस्ती आँखाघारी हुँदै बासगजेरी सम्म सडक स्तरोन्नती,
- १२ नं. वडा कार्यालयको भवन निर्माण तथा वडा नं. १२ टिकरी एक्ले पिपल खाल्टेपानी नारेवाङ घनश्याम अधिकारीको घर हुँदै सिमलखुटी जाने बाटो र वडा नं. १२ डाँडागाउँ पतेनी हुँदै वडा कार्यालय जाने बाटो स्तरोन्नति,
- वडा नं. १३ मंलेरी कृष्ण शाहको घरदेखि पदम महतराको घर हुँदै पिताम्बर के.सी.को घरसम्मको सडक स्तरोन्नकतिर मंलेरी देखि गुर्जेखोला वडा नं. १२ को बसन्तपुर कृष्णपुर हुँदै साइपुर जोड्ने सडक स्तरोन्नति
- वडा नं. १४ गोर्खा अस्पतालदेखि मिलन चोकसम्म फुटपाथ नाला सहित सडक स्तरोन्नती, रजेना जाने चोक हुँदै लक्की लामाको घरदेखि आर्मि व्यारेकसम्म फुटपाथ सहितको नाला सडक स्तरोन्नती र सुन्दरनगर टोल र शुभ बिहानी टोल जोडने सेवार खोलामा ट्रष्टर बृज निर्माण,
- वडा नं. १५ जिल्ला प्रशासन कार्यालय देखि जेष्ठ नागरिक भवन , दिपशिखा चोक, गुरुकुल स्कुल हुँदै रतनपुर चोकसम्म सडक स्तरोन्नती,
- वडा नं. १६ रातामाटा वडा नं. १३ सिमाना देखि ठोक्रैया हुँदै जनकपुर ठुटे पिपल सम्म पक्की नाला सहित सडक स्तरोन्नति तथा सेवारखोला पुलदेखि माधव लोहनीको घर हुँदै थारुगाउँ गौरीसम्म र दुधेसोता अशोक चौधरीको घरहुँदै वि .एण्ड.वि चोकसम्म सडक स्तरोन्नति
- वडा नं.१७ गुलरिया चित्राङ गिता डि.सी.को घरदेखि नयाँ बस्ती दामोदर सडक जोडने सडक र वडा नं. १७ कर्जाहीमा रहेको लालमणि पन्तको घरहुँदै दामोदर सडक जोडने सडक स्तरोन्नति

- वडा नं. १८ को नेपाली सेना ब्यारेक हुदै ढोडेनी जाने बाटोमा कल्भर्ट निर्माण
- वडा नं. १९ कटुवाखोला पलासेहुँदै १९ नं. वडा कार्यालय जोडने सडक कल्भर्ट सहित स्तरोन्नतिका लागि चालु आर्थिक वर्षमा नै ठेक्का प्रक्रिया सुरु गर्ने गरी जम्मा रु. १६ करोड २० लाख बिनियोजन गरेको छु।

४१. संघ समपूरक, प्रदेश समपूरक, नगर समपूरक, सडक बोर्ड र झोलङ्गेपूल म्याचिङ फण्ड का लागि रु. ६ करोड ६० लाख बिनियोजन गरेको छु।

४२. पिच सडकको नियमित मर्मत एवं दिगो व्यवस्थापनका लागि मर्मत संभार तर्फ रु. १ करोड ५० लाख बिनियोजन गरेको छु।

४३. भवन नक्सा पास प्रकियालाई व्यवस्थित गर्न विद्युतीय भवन अनुमति प्रणाली तथा डिजिटाइजेशन कार्यका लागि रु. १३ लाख सहित आर्थिक सर्वेक्षण, मध्यमकालिन खर्च संरचना, आवधिक योजना निर्माण लगायतका कार्यक्रमका लागि जम्मा रु. ५५ लाख ५० हजार बिनियोजन गरेको छु।

४४. सडक पिच, ग्राभेल तथा बाटो स्तरोन्नती, कल्भर्ट, सिंचाई तथा खानेपानी, विद्युत विस्तार , पार्क, उद्यान लगायत पूर्वाधार विकास तर्फका सबै प्रकृतीका आयोजना निर्माण सम्बन्धी कार्यका लागि आन्तरिक तर्फ रु. ५२ करोड ४८ लाख ६८ हजार, संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. २ करोड ६३ लाख र प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ ३ करोड गरी जम्मा रु. ५८ करोड ११ लाख ६८ हजार बिनियोजन गरेको छु।

**<u>सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन अन्तरगत</u>**

४५. स्वच्छ, सफा नगर कायम गर्न पूर्ण सरसफाई कार्यक्रम अन्तरगत ल्यान्ड फिल साइटमा दिशाजन्य लेदो व्यवस्थापनका लागि पुर्वाधार निर्माणमा रु. ३० लाख बिनियोजन गरेको छु।ल्यान्डफिल साइट प्रभावितलाई स्वास्थ्य बीमा मा ५० प्रतिशत अनुदान, गल्ने नगल्ने फोहर वर्गिकरण अभियान, सामुदायिक पशु चौपायाको व्यवस्थापन लगायत अन्य सरसफाई व्यवस्थापन कार्यक्रम अन्तरगत रु. ७३ लाख ७० हजार बिनियोजन गरेको छु।

४६. विपद्जन्य घटनाबाट प्रभावित व्यक्ति समुदायलाई तत्काल सहयोग स्वरुप राहत रकम उपलब्ध गराउने गरी विपद् व्यवस्थापन कोषका लागि रु. १ करोड, खरको छानो विस्थापन कार्यक्रमका लागि रु ७५ लाख, विपद् वाट क्षति भएका भौतिक संरचनाहरुको

मर्मत संभारका लागि रु. ५० लाख, तटबन्धका लागि तारजाली तथा आवश्यक सामाग्री खरिद लागि रु. ५० लाख, हरियाली प्रवर्द्धन समृद्धिका लागि वन कार्यक्रमका लागि रु. ३७ लाख लगायत नवीकरणीय उर्जा कार्यक्रम, विपद् खोज उद्धार तालिम, आपतकालिन कार्य संचालन केन्द्रको सुदृढीकरण समेत वन, बातावरण तथा विपद् व्वयस्थापनका लागि आन्तरिक तर्फ रु. २ करोड ९० लाख ५० हजार र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. १ करोड ३७ लाख गरी जम्मा रु. ४ करोड २७ लाख ५० हजार बिनियोजन गरेको छु।

४७. सरसफाई , बन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ कुल जम्मा रू. ५ करोड १ लाख २० हजार बिनियोजन गरेको छु।

**सार्वजनिक सेवा, सुशासन, संस्थागत विकास तथा अन्य सम्बन्धित क्षेत्र अन्तर्गत**

४८. नगर भित्र शान्ती सुव्यवस्था कायम गर्न बजारमा घट्ने अवान्छित घटनाहरुको निगरानी गर्न जिल्ला प्रहरी कार्यालयसंगको समन्यमा सि.सि.टि.भि. मनिटरीङ प्रणालीको लागि रु. ५ लाख बजेटको व्यवस्था गरेको छु।

४९. विद्युतीय सुशासन, सार्वजनिक सेवामा सूचना प्रविधिको उच्चतम प्रयोग,स्थानीय पत्रकारहरुको क्षमता विकास कार्यक्रम, सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यक्रम, रेडियो, टेलिभिजन कार्यक्रम, अनलाइन राजश्व प्रणालीको विकास, किसान एप, अनलाइन गुनासो व्यवस्थापन, ई-हाजिरी प्रणाली लगायत सूचना तथा संचार प्रविधि संग सम्बन्धित कार्यक्रमका लागि रु. ६९ लाख ५० हजार बिनियोजन गरेको छु।

५०. जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता अभिवृद्धि कार्यक्रम लगायत सामान्य व्यवस्थापनसंग सम्बन्धित विविध कार्यक्रमका लागि रु. ९ लाख बिनियोजन गरेको छु।

५१. मेलमिलापकर्ताको क्षमता अभिवृद्धि, विभिन्न कानून निर्माण तथा परिमार्जन, असहाय, निःशुल्क कानूनी सहायता कोष, कानूनी साक्षरता कार्यक्रम लगायत कार्यक्रमका लागि कानूनी ममिला तर्फ रु १७ लाख बिनियोजन गरेको छु।

५२. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच कार्यको लागि नियन्त्रण बिन्दु स्थापना गर्न रु. ३५ लाख सहित भूमी सम्बन्धी समस्या समाधान तर्फ रु. ४९ लाख ५० हजार बिनियोजन गरेको छु।

५३. राजश्व संकलन सुधार तथा व्यवस्थापनका लागि रु. २२ लाख ५० हजार बिनियोजन गरेको छु।

५४. सार्वजनिक सेवा, सुशासन, संस्थागत विकास तथा अन्य सम्बन्धित क्षेत्र  तर्फजम्मा रू. १ करोड ७० लाख ५० हजार बजेट बिनियोजन गरेको छु।

५५. वडा कार्यालय (१९ वटै वडा)को पूँजिगत खर्च तर्फ रु. ८ करोड २ लाख र चालु कार्यक्रम खर्च एवं कार्यालय सञ्चालन तर्फ रु. ७ करोड १८ लाख गरी जम्मा रु. १५ करोड २० लाख बिनियोजन गरेको छु।

५६. दैनिक कार्य संचालन, तलब भत्ता लगायत आन्तरिक व्यवस्थापन तर्फ रु. ३५ करोड बिनियोजन गरेको छु।

५७. देशको समग्र आर्थिक स्रोत माथी देखिएको संकुचनका कारण बजेटको आकार चालु आर्थिक वर्ष भन्दा ७.४५ प्रतिशतले घटी गरिएको छ।

**नगरसभाका अध्यक्ष महोदय,**

५८. आगामी आर्थिक वर्ष २०८०/८१को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. २ अर्ब १५ करोड ५४ लाख ८३ हजार बिनियोजन गरेको छु। कुल बिनियोजित रकम मध्ये संघ सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ७६ करोड ५९ लाख मध्ये रु. ५ करोड ३१ लाख अर्थात ६.९३ प्रतिशत पूँजिगत खर्च र रू. ७१ करोड २८ लाख अर्थात ९३.०७ प्रतिशत चालु खर्च रहेको छ। त्यस्तै प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ४ करोड ७८ लाख ५० हजार मध्ये रु. ४ करोड ६४ लाख अर्थात ९६.९७ प्रतिशत पूँजिगत खर्च र रू. १४  लाख ५० हजार अर्थात ३.०३ प्रतिशत चालु खर्च रहेको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त  वित्तीय समानिकरण अनुदान, राजश्व बाँडफाँड र रोयल्टी तथा उपमहानगरपालिककाको आन्तरिक आय (घर जग्गा रजिष्ट्रेशन, बैंक मौज्दात समेत)बाट  बिनियोजन गरिएको बजेट रु. १ अर्ब ३४ करोड १७ लाख ३३ हजार मध्ये रु. ५६ करोड ६० लाख ९० हजार अर्थात ४२.२० प्रतिशत चालु खर्च र रू ७७ करोड ५६ लाख ४३ हजार अर्थात ५७.८० प्रतिशत पूँजिगत खर्च रहेको छ।

५९. कुल बजेट रू. २ अर्ब १५ करोड ५४ लाख ८३ हजार मध्ये रु. १ अर्ब २८ करोड ३ लाख ४० हजार अर्थात ५९.४० प्रतिशत चालु खर्च र रू. ८७ करोड ५१ लाख ४३ हजार अर्थात ४०.६० प्रतिशत पूँजिगत खर्च रहेको छ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म माथीका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

६०. आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक आय(घर जग्गा रजिष्ट्रेसन समेत)बाट रु. ३६ करोड, संघीय वित्तीय समानिकरण अनुदानबाट रू. ३१ करोड १४ लाख, संघीय राजश्व बाँडफाँडबाट रू. २५ करोड २४ लाख ७० हजार, संघीय रोयल्टी बाँडफाँडबाट रू. ८ लाख, संघीय सशर्त अनुदानबाट रु. ७५ करोड २४ लाख, संघीय समपुरक अनुदानबाट रु. ६० लाख र संघीय बिशेष अनुदानबाट रु. ७५ लाख व्यहोरिने छ।त्यस्तै प्रदेश समानिकरण अनुदानबाट रु. २ करोड २९ लाख ५६ हजार, प्रदेश राजश्व बाँडफाँडबाट रु. २ करोड ८३ लाख १५ हजार, प्रदेश सशर्त अनुदानबाट रू. २ करोड ७८ लाख ५० हजार र प्रदेश समपुरक अनुदानबाट रु. २ करोड व्यहोरिने छ ।यसबाट नपुग हुने रकम रु. ३६ करोड ४७ लाख ९२ हजार गत आर्थिक वर्षको बैंक बाँकीबाट व्यहोरिने छ।

६१. यसका साथै उपमहानगरपालिकालाई संघ सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा, गरिबसंग बिश्वेश्वर कार्यक्रम, लगायतका अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकोले आगामी आर्थिक वर्ष २०८०/८१को बजेट प्रक्षेपणमा समावेश नगरिएको व्यहोरा अवगत गराउन चाहन्छु।

**नगरसभाका अध्यक्ष ज्यू**

६२. आर्थिक वर्ष २०८०/८१को सेवा र कार्यका लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्न बनेको बिनियोजन बिधेयक, २०८० र अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अर्थ बिधेयक, २०८० सम्मानित सभा समक्ष पेश गरेको छु।

६३. प्रस्तुत बजेटको कार्यान्वयनबाट कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धी हुने, सामुदायिक विद्यालयका भौतिक अवस्थामा सुधार हुने, शैक्षिक गुणस्तर अभिवृद्धि हुने, नगरवासीको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने, उद्यमशिलताको विकासबाट रोजगारीको अवसर सृजना भई आर्थिक सामाजिक उन्नयन हुने, सडक पुर्वाधारमा नागरिकको पहुँच अभिवृद्धि तथा दिगोपना कायम हुने,नगरमा उपलब्ध स्रोत साधनको अत्यूत्तम उपयोगबाट सबै क्षेत्रको दिगो एवं सन्तुलित विकास भई आर्थिक प्रगतिमा टेवा

पुग्ने, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता अभिवृद्धि हुने र सामाजिक विकासको मुलप्रवाह भन्दा बाहिर रहेका वर्ग, क्षेत्र, समुदायको विकासमा पहुँच भई अपनत्वको प्रवर्द्धन मार्फत स्थानीय शासन मजबुत हुने बिश्वास लिएको छु।

**<u>नगरसभाका अध्यक्ष महोदय,</u>**

६४. आगामी आर्थिक वर्ष २०८०/८१का लागि प्रस्तुत आय-व्यय प्रस्ताव उपमहानगरपालिकाको एकल प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन। बजेट कार्यान्यनमा संघ तथा प्रदेश सरकार, नगरवासी, आमाबुबा, दिदीबहिनी, दाजुभाई, व्यवसायिक संघ संस्था, राजनीतिक दल, नागरिक समाज,संचार जगत लगायत सबै तह र तप्काबाट साथ, सहयोग र सहकार्य हुने बिश्वास लिएको छु।

६५. अन्त्यमा बजेट तर्जुमा गर्ने क्रममा मार्गनिर्देश गर्नु हुने नगर प्रमुखज्यू, विषयगत समितिका संयोजक एवं सदस्य ज्यूहरु, वडा अध्यक्षज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नागरिक समाज, पेशाबिद् बुद्धिजिवि, सञ्चार जगत लगायत सम्पूर्ण नगरवासीहरु तथा प्रमुख प्रशसाकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यबाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु।

धन्यबाद!

इति सम्वत् २०८० साल आषाढ १० गते रोज १ शुभम्।